प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३१० ॥ २०८२ पुष २८ गते सोमबार (12th Jan 2026 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# विशेष महाधिवेशनमा ५६.१२ प्रतिशत प्रतिनिधि सहभागी

झापा । नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरुको संख्या २ हजार ६६२ पुगेको छ । यो भनेको कूल महाधिवेशन प्रतिनिधिको ५६.१२ प्रतिशत हो । गत असोज २९ गते विशेष महाधिवेशनको माग गर्दा ५४ प्रतिशत प्रतिनिधिहरुको हस्ताक्षर थियो ।

आइतबार विशेष महाधिवेशन उद्घाटनका दिन यो संख्या २ प्रतिशत बढेको छ। दोस्रो विशेष महाधिवेशन प्रचारप्रसार समितिका संयोजक सुवास पोखरेलका अनुसार महाधिवेशन प्रतिनिधिहरुको संख्या बन्दसत्र सुरु हुनुअघिसम्म बढ्न सक्ने छ ।



सचिवालयका अनुसार सोमबार बिहान ८ बजेदेखि नै महाधिवेशन प्रतिनिधि दर्ता प्रक्रिया पुनः सुरु हुने छ । आइतबार दर्ता भएकामध्ये मधेश प्रदेशबाट सबभन्दा बढी ४ सय ४६ जना प्रतिनिधिहरु सहभागी छन् । त्यसपछि बागमतीबाट ४ सय ३२, कोशीबाट ४२५, लुम्बिनीबाट ३९८, गण्डकीबाट २९६, उपत्यकाबाट १७८, सुदूरपश्चिमबाट १५८, कर्णालीबाट १३४ प्रतिनिधि सहभागी छन् भने भ्रातृ, शुभेच्छुक र जनसम्पर्कबाट १९५ प्रतिनिधिले नाम दर्ता गरेको सचिवालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।कांग्रेसको जम्मा महाधिवेशन प्रतिनिधि संख्या ४ हजार ७४३ रहेको छ ।कांग्रेसको विशेष महाधिवेशनमा झापाका ८१ जना प्रतिनिधि सहभागी

यसैबीच संस्थापन पक्षको असहमतिकाबीच आइतवारदेखि शुरु नेपाली कांग्रेसको विशेष महाधिवेशनमा झापाका ८१ जना प्रतिनिधि सहभागी भएका छन् ।

झापाको पाँचवटै क्षेत्रबाट त्यति संख्यामा प्रतिनिधिहरु राजधानी पुगेका छन् । झापा क्षेत्र नं १ बाट २३ , २ बाट १२ , ३ बाट ६ , ४ बाट १८ र ५ बाट २२ जना महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनमा भाग लिएको क्षेत्रीय सभापतिहरुले जनाएका छन् ।

झापाका पाँचजना क्षेत्रीय सभापतिहरुमध्ये क्षेत्र नं १ का सभापति इन्द्र बुढोथोकी ,२ का खगेन्द्र मैनाली , ४का सभापति जयनारायण शाह र ५ का सभापति ढुण्डीराज भण्डारी विशेष महाधिवेशनमा भाग लिन राजधानी गएका छन्। झापामा १२५ जना महाधिवेशन प्रतिनिधि रहेका छन् ।

# इस्टर्न सहाराले ६ महिनाभित्र आइपिओ जारी गर्ने

बिर्तामोड । 'दीगो समृद्धिका लागि हरित लगानी' भन्ने मुल नाराका साथ तीन बर्षअघि स्थापना भएको इस्टर्न सहारा कम्पनी लिमिटेडको तेस्रो वार्षिक साधारण सभा बिर्तामोडमा भव्य रुपमा सम्पन्न भएको छ ।

छरिएर रहेको स-सानो पुँजीलाई एकीकृत रुपमा परिचालन गर्दै मुख्य रुपमा ग्रीन फाइनान्सिङलाई प्रोत्साहन, प्रवर्द्धन गर्ने र कार्बन उत्सर्जनलाई न्यूनीकरण




गर्ने परियोजनाहरुमा लगानी गर्ने उद्धेश्य राखेको छ ।

साथै सवैलाई उद्यमशीलतासँग जोड्ने लक्ष्यका साथ २०७९ मंसीर ११ गते कम्पनी दर्ता गरिएको कम्पनीले आइतवार तेस्रो बार्षिक साधारण सभा सम्पन्न गरेको हो ।

कम्पनीले जलबिद्युत, सौर्य, ऊर्जा, पर्यटन, प्रविधि, सेवा, पूर्वाधारलगायतका क्षेत्रहरुमा लगानी गर्दै आएको कम्पनीका अध्यक्ष महेन्द्रकुमार गिरीले बताए । अध्यक्ष गिरीका अनुसार कम्पनीले सामाजिक, वित्तीय क्षेत्र, हाइड्रोपावर सम्बन्धित प्रतिष्ठित व्यक्तिहरु, सामाजिक उद्यमी, चार्टर्ड एकाउण्टेन्ट, अन्य व्यावसायिक लगायतका प्रवुद्ध व्यक्तिहरुको समूहद्धारा संस्थापित र सञ्चालित स्वःपुँजीको क्षेत्रमा आफ्नो लगानीलाई विस्तार र विविधीकरण गर्दै मुलुकको हरित लगानीमा टेवा पुऱ्याउँदै आर्थिक विकासमा योगदान गर्ने उद्धेश्य राखेको छ । कम्पनीका परिकल्पनाकारसमेत रहेका अध्यक्ष गिरीले कम्पनीले स्थापनाको तेस्रो बर्षमै सवैको मन जित्न सफल हुँदै राम्रो प्रगति गरेको बताउँदै आगामी ६ महिनाभित्र आइपिओ जारी गर्ने योजना रहेको बताए । कम्पनीका अध्यक्ष गिरीको अध्यक्षता भएको कार्यक्रममा महानायक राजेश हमालको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि महानायक हमालले सभालाई सम्बोधन गर्दै मुलुकमा विभिन्न प्रकारका समस्या रहेकाले उक्त समस्या समाधानका लागि नागरिक स्तरबाटै लाग्नुपर्नेमा जोड दिए । इस्टर्न सहारा कम्पनीले छरिएर रहेका स-साना पुँजीलाई एकीकृत गरेर सवैलाई उद्यमशीलतामा जोड्न खोजेको उनको भनाई थियो ।

कार्यक्रममा कम्पनीका प्रबन्धक कृष्ण रानाभाटले कम्पनीको पूँजीको संरचनाको विषयमा जानकारी गराएका थिए । उनका अनुसार कम्पनीको अधिकृत पुँजी १५० करोड, जारी पूँजी १३७ करोड ५० लाख, चुक्ता पूँजी ११० करोड र सञ्चित मुनाफा ३ करोड ९१ लाख ७ हजार ६३६ रहेको छ ।

यसैगरी सर्वसाधारण समूह आइपीओबाट २७ करोड ५० लाख, प्रतिशेयर आम्दामी २५५ रुपैयाँ ३८ पैसा र प्रति शेयर नेट अर्थ १०२ रुपैयाँ ८१ पैसा रहेको छ ।कार्यक्रममा साहस ऊर्जाका कम्पनी सचिव दिनेश रोक्काले पनि कम्पनीले उल्लेखीय प्रगति गरेको बताएका छन् ।

कम्पनीकी सञ्चालक कल्पना बिकले स्वागत गरेकी कार्यक्रमको सञ्चालन कम्पनीका शेयर सदस्य एकराज गिरीले गरेका थिए ।

कार्यक्रममा शेयर सदस्यहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# बिर्तामोडको नागरिक अस्पताल बैशाखबाट संचालन हुँदै

झापा, पुष २७ । पाँच वर्षअघि शिलान्यास गरी निर्माण थालिएको बिर्तामोडको नागरिक अस्पताल आगामी बैशाख महिनाबाट संचालन हुने भएको छ ।

अस्पताल भवनको भुइँतला चैत्र मसान्तभित्रमा निर्माण सम्पन्न गरी २०८३ बैशाख महिनाबाट अस्पतालको सेवा प्रारम्भ गरिने नागरिक स्वास्थ्य सहकारी संस्था लि.का अध्यक्ष युवराज दाहालले बताए ।

सो सहकारी संस्थाद्वारा बिर्तामोड -४ स्थित कञ्चनजंघा टोलमा २०७७ साल पुष १३गते नागरिक अस्पतालको निर्माण शुरु गरिएको थियो। नागरिक स्वास्थ्य सहकारी संस्थाको पाँचौ वार्षिक साधारण सभामा संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष दाहालले कोरोना महामारी र अन्य विविध कारणले समयमै अस्पताल निर्माण सम्पन्न गर्न नसकेको बताउँदै आर्थिक मन्दीका कारण विभिन्न व्यक्ति तथा प्रतिष्ठानहरुले कबोल गरेअनुसारको शेयर रकम संकलन हुन नसक्दा निर्माण कार्य निरन्तर अघि बढ्न नसकेको जानकारी दिए । एकातिर एक पटकमा करोडौको निर्माण सामग्री खरिद गर्नुपर्ने र अर्कोतिर न्यून मात्रामा शेयर रकम संकलन हुने अवस्थाका कारण २०८० साउनबाट २०८० चैत्रसम्म निर्माण कार्य स्थगित गर्नुपरेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ ।

कोरोना संक्रमणको समयमा कतिपय बिरामीले अस्पतालमा भर्ना हुन नपाउँदा अकालमा ज्यान गुमाउनु परेको पीडाका कारण 'हाम्रो अस्पताल हामी आफैं बनाउँछौं' भन्ने मुल नाराका साथ सहकारी अभियन्ता स्थानीय कृष्ण पौडेलको परिकल्पनामा शुरु भएको सहकारी संस्थाले अस्पताल सञ्चालनको अन्तिम तयारी गरेको कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

हर्कलाल मार्गको कञ्चनजंघा स्कुल उत्तरमा स्थानीय युवराज दाहाल र नवराज दाहालको आमाको नाममा रहेको जग्गा २५ बर्षका लागि लिजमा लिएर निर्माण शुरु गरिएको अस्पतालको पहिलो तलाको काम ९० प्रतिशत पुरा भएको अस्पतालका कार्यकारी प्रमुख कृष्ण पौडेलले जानकारी दिए । अस्पतालका लागि आवश्यक उपकरण खरिद र सेटअफ बाँकी रहेको उनले बताए । तीन तलाको रहने अस्पताल भवन ४ कठ्ठा क्षेत्रफलमा फैलिएको छ भने अन्य खाली जमिन समेत गरी अस्पतालले ११ कठ्ठा क्षेत्रफल प्रयोगमा ल्याउने छ। सो अस्पताललाई सय शैय्याको बनाउने लक्ष्य राखिएको छ ।

सहकारीमा विभिन्न विशेषज्ञ डाक्टरहरुसमेत सदस्य रहेकाले अस्पतालको सेवा सुलभ र स्तरीय हुने बताइएको छ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै मोरङ सहकारी अस्पतालका कार्यकारी प्रमुख विकास अधिकारीले स-सानो पुँजी लगानी गरेर धेरै मानिसहरुले सञ्चालन गरिने सहकारी अस्पताल सुलभ मूल्यमा स्तरीय सेवा दिन सकिने अनुभव रहेको सुनाए। एकै व्यक्तिले ठूलो लगानी गर्नुको सट्टा धेरै मानिसहरुलाई आबद्ध गराई सानो सानो पुँजी लगानी गर्दा धेरै मानिसहरुको अपनत्व

❖ बाँकी अन्तिम पृष्ठमा

# महेन्द्र रत्नमा उत्कृष्ट विद्यार्थी , शिक्षक र दातालाई सम्मान

झापा, पुष २७ । उत्कृष्ट विद्यार्थी , उत्कृष्ट शिक्षक र दातालाई सम्मान गर्दै महेन्द्र रत्न माध्यमिक विद्यालय बिर्तामोड ३ बिर्ताबजारले ६८ औं वार्षिकोत्सव एवम् अभिभावक दिवस मनाएको छ ।

विघटित प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले उद्घाटन गरेको कार्यक्रममा विभिन्न अक्षय कोषबाट विद्यार्थीहरुलाई पुरस्कृत गरिएको छ। डाक्टर लक्ष्मीप्रसाद मैनालीद्वारा आफ्ना अग्रजको स्मृतिमा स्थापित रामप्रसाद मैनाली (गाउँ बुढा), विश्वेश्वरा , खेम स्मृति पुरस्कारबाट कक्षा८ मा ४ जिपिए ल्याउने पुज्यता सुवेदी , ३.९७ जिपिए ल्याउने आरुसी प्रसाई र ३.९४ जिपिए ल्याउने प्रतिष्ठा पौडेललाई पुरस्कृत गरिएको छ ।



त्यस्तै सुरेश पाठक स्मृति पुरस्कारबाट एसइइमा ४ जिपिए ल्याउने विद्या भट्टराई ,कक्षा १२ मा ३.७४ जिपिए ल्याउने आयुस पौडेललाई पुरस्कृत गरिएको छ । त्यस्तै वर्ष उत्कृष्ट खेलाडीमा छात्रा भूमिका कालिकोटे र छात्र आयुस शिवाकोटीलाई पुरस्कृत गरिएको छ । त्यस्तै उत्कृष्ट शिक्षकको रुपमा मावितर्फ तुलसीराम खरेल , निमावितर्फ पुष्पलाल आचार्य , आधारभूत तहतर्फ सन्तोष पोखरेल र उमाकुमारी राजवंशी तथा बाल शिक्षक गीता काफ्लेलाई पुरस्कृत गरिएको छ । त्यस्तै दीर्घसेवी सम्मान शिक्षक शान्ता चुडाललाई प्रदान गरिएको छ । सोही अवसरमा बिदाई हुने तुलसा सिटौलालाई पनि सम्मान गरिएको थियो । त्यस्तै महेन्द्र रत्न तारा सिजन ३ का विजेता सन्दीप गुरुङ , फस्ट रनरअप किस्मत रिजाल र सेकेन्ड रनरअप गौरव मालेलाई पुरस्कृत गरिएको छ । त्यस्तै अक्षयकोष दाता,प्रवेशद्वार निर्माण ,चिसो खानेपानी आउने फिल्टर जडान गर्नेलाई सम्मान गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिचरण शिवाकोटीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि सभामुख घिमिरे , बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाई , शिक्षा विकास तथा समन्वय इकाइ झापाका प्रमुख कुमार बस्नेत , नेपाल बक्सिङ संघका भोजराज सिटौलालगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा कोशी प्रदेशका पूर्व मन्त्री एकराज कार्की , नगर उपप्रमुख नगेन्द्र संग्रौला , वडाध्यक्ष मदन बुढाथोकीलगायतको उपस्थिति रहेको थियो । प्रधानाध्यापक खड्गप्रसाद खरेलले वार्षिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा सहायक प्रधानाध्यापक केशव प्रसाईले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन शिक्षकहरु तुलसीराम खरेल र भोजराज दाहालले गरेका थिए ।

# हिलोमा भास्सिएको चित्तलको सकुशल उद्धार

झापा, पुष २७ । झापाको दमकमा हिलोमा



भासिएको चित्तलको सकुशल उद्धार गरिएको छ। आइतवार दिउँसो अन्दाजी १ बजे दमक २ स्थित जगकाली मन्दिरको पछाडीपट्टी रहेको धुव्र गुरागाँईको खाली प्लटिङ जग्गाको हिलोमा जंगली जनावर पोथी चित्तललाई भास्सिएको अबस्थामा स्थानीयबासीले फेला पारेका थिए। इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोली र दमक सव डिभिजन वन कार्यालय दमकको कर्मचारीसहितको टोलीले उक्त चित्तललाई उद्धार गरी जामुनवारी सामुदायिक वनमा पठाएको छ । दमक सव डिभिजन वन कार्यालयका वनरक्षक विरेन्द्र पौडेलको जिम्मा लगाई चित्तललाई सुरक्षित साथ जामुनवारी पठाएको प्रहरीले जनाएको छ ।



# ४९ ग्राम ब्राउनसुगरसहित पाँचजना पक्राउ

झापा, पुष २७ । ठूलो परिमाणमा लागूऔषधसहित भद्रपुरका दुई युवा बिर्तामोडमा पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा भद्रपुर वडा नं. १ पाण्डे चोक बस्ने बर्ष २५ का निरोज लिम्बू र वडा न.२ पृथ्वीनगर बस्ने बर्ष २६ का सागर प्रधान रहेका छन् । शुक्रवार साँझ ७;४० बजे बिर्तामोड वडा



न. ४ मुनाल टोलमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी निरीक्षक प्रविण श्रेष्ठ र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले लिम्बू र प्रधानलाई प्लास्टिकसहित ४६ ग्राम, प्लास्टिकबाहेक ४१ ग्राम, ५८० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो । लागूऔषधसंगै स्क्रिन टच मोवाइल थान २, किप्याडवाला मोवाइल थान १ र प्र.१-०१-०१५ प ३४२७ नम्बरको स्कुटरसहित उनीहरुलाई पक्राउ गरी इप्रका बिर्तामोडमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै ८ ग्राम ब्राउनसुगरसहित झापाको गौरीगञ्जमा तीनजना पक्राउ परेका छन् । आइतवार दिउँसो अन्दाजी ४:३० बजे गौरीगञ्ज गाउँपालिका वडा नं २ टटुवामारीस्थित यादव टोल बस्ने ३४ वर्षीय मानफकुमार मेहतालाई गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएको प्रहरी निरीक्षक भुवनबाबु खड्काको कमाण्डको टोलीले लागूऔषधसहित पक्राउ गरेको हो । चेकजाँच गर्दा उनको साथबाट प्लाष्टिकबाहेक ३ ग्राम २५० मिलिग्राम र उनको घर खानतलासी गर्दा प्लाष्टिकबाहेक ३ ग्राम ७५० मिलिग्राम गरी जम्मा प्लाष्टिकबाहेक ७ ग्राम ब्राउनसुगर बरामद गरेको छ । साथै लागूऔषध नाप्ने डिजिटल तराजु एक थानसमेत फेला पारी मेहतालाई इप्रका गौरीगञ्जमा ल्याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै शनिवार राति ९:३० बजे गौरीगञ्ज ६ मुस्लिम टोल बस्ने २२ वर्षीय मोहमद रहिम मियाँ र सोही ठाउँ बस्ने अन्दाजी १८ वर्षीय सक्षम उप्रेती पनि लागूऔषधसहित पक्राउ परेका छन् । इप्रका गौरीगञ्जबाट खटिएको गस्ती टोलीले शंका लागेर चेकजाँच गर्ने क्रममा मोहमद रहिम मियाँको साथबाट प्लाष्टिकबाहेक १ ग्राम ब्राउनसुगर फेला पारेको थियो । दुवै जनालाई नियन्त्रणमा लिई इप्रका गौरीगञ्जमा राखिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए ।

# एकदिने उद्घोषण तालिम सम्पन्न

मेचीनगर , पुष २७ । विभिन्न व्यक्तिहरुको क्षमता र व्यक्तित्व विकासमा टेवा पुऱ्याउने उद्देश्यले झापाको मेचीनगर –६ काँकरभिट्टामा एकदिने उद्घोषण तालिम सम्पन्न भएको छ । विभिन्न टोल विकास, धार्मिक संस्थाका सचिवलगायत सर्वसाधारणलाई लक्षित गरी स्थानीय मेची नवदुर्गा कीर्तन मण्डली परिवारले तालिम आयोजना गरेको हो ।

पूर्व क्षितिज टोल विकास संस्थाका अध्यक्ष भिमप्रसाद संग्रौलाको अध्यक्षतामा भएको उद्घाटन सत्रमा बोल्दैं आयोजक संस्थाका संयोजक आचार्य पण्डित गोपालशरण निरौलाले तालिमपश्चात् आफूहरुले आत्मविश्वासका साथै माईक समाएर निर्धक्क भएर बोल्न सक्ने, असल उद्घोषक बन्नका लागि गर्नुपर्ने कुरा र कसरी कार्यक्रम सञ्चालन गरिन्छ भन्ने कुराबारे थाहा पाउने विश्वास व्यक्त गरे । तालिममा सिकेका कुराहरुलाई सहभागीहरुले व्यवहारमा ल्याउनुपर्ने उनले बताए । उद्घोषण तालिमले बोल्ने कलाको विकास गर्न सहयोग पुऱ्याउने बताए । विभिन्न संघ संस्थामा रहेका सचिव तथा सर्वसाधारणहरुको वाककलाको विकास गर्न र आफूसंग भएको ज्ञान, सीप र क्षमतालाई अभिव्यक्त गर्न सक्ने हिम्मत र बानीको विकास गर्न उद्घोषण तालिम सञ्चालन गरिएको संयोजक निरौलाले बताए ।

विभिन्न संघ संस्थामा क्रियाशील सचिवहरुको क्षमता विकासमा मध्यनजर गर्दै आगामी दिनमा पनि उनीहरुको नेतृत्व विकास र माईन्युट लेखन तालिमको आयोजना गर्ने प्रतिवद्धता जनाए । उनले नेतृत्व विकासको तालिमले उनीहरुलाई सक्षम बनाउने भएकाले यस खालको तालिम स्थानीय स्तरमा प्रदान गर्ने लक्ष्यका साथ निरन्तर सक्रिय रुपमा लागिरहेको बताए ।

कार्यक्रमका अध्यक्ष संग्रौलाले आफ्नो संस्थाले सर्वसाधारणको सीप विकास गर्न विभिन्न तालिमहरुलाई प्राथमिकता दिदैं आएको बताए । गुरुकुलको सामुदायिक भवनमा सम्पन्न तालिममा सहभागी २५ जनालाई सूर्योदय टेलिभिजनमा कार्यरत पत्रकार लक्ष्मी उप्रेतीले सहजीकरण गरेका थिए ।

पत्रकार उप्रेतीले उद्घोषकको अर्थ, उद्घोषणका क्रममा के गर्न हुने, के नहुने ? कार्यक्रम सञ्चालनका क्रममा लगाउने भेषभूषा तथा उभिने तरिकालगायत विविध विषयमा प्रशिक्षण प्रदान गरेका थिए । तालिम समापनका अवसरमा प्रशिक्षार्थी संस्थाकी कोषाध्यक्ष शान्ता (सावित्रा) प्रसाई आचार्य उद्घोषण तालिमले व्यक्तिको क्षमता अभिवृद्धि र बोल्ने कलाको विकास हुने भन्दै यो सबैले सिक्न जरुरी रहेको बताइन् ।

# पृथ्वी जयन्तीमा ऐतिहासिक चन्द्रगढमा बृहत सरसफाई

झापा, पुष २७ । '३०४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस' को अवसरमा चारआली ब्यारेकस्थित श्री अरिदमन गणको अगुवाईमा शनिवार ऐतिहासिक चन्द्रगढमा बृहत सरसफाई गरिएको छ ।



गणको अगुवाईमा भद्रपुर -१० स्थित ऐतिहासिक चन्द्रगढमा सरसफाई गरिएको हो । सरसफाई कार्यक्रममा उक्त गणका सकलदर्जा- ७०, नेपाल प्रहरी-२०, सशस्त्र प्रहरी बल नेपाल-२०, स्थानीय पत्रकार, एनसीसी अल्मुनाई एशोसिएसन झापाका बिद्यार्थी-२० र स्थानीयबासी-५० जना गरी जम्मा १८५ जनाको उपस्थिति रहेको थियो । उक्त सरसफाई कार्यक्रममा श्री अरिदमन गणका गणपति प्रमुख सेनानी सरोज थापा, भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेल, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, सुरक्षा निकायका अन्य प्रमुखहरु, भद्रपुर नगरपालिका वडा नं.१० का वडा अध्यक्षको समेत सहभागिता रहेको थियो ।

उक्त चन्द्रगढ दोस्रो विश्वयुद्धको समयमा तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शम्सेरको शासनकालमा सेनाको एक टुकडी तैनाथ गर्न गढी निर्माण भएको भन्ने स्थानीयको भनाइ रहेको छ ।

त्यसैगरी १८ औं शताब्दीमा किरात धर्मावलम्बीहरुले निर्माण गरेको यस ऐतिहासिक चन्द्रगढबाट चन्द्रगढी शहरको नाम रहन गएको बुझिएको छ । यस बृहत सरसफाई कार्यक्रमले झापा जिल्लाको एक मात्र यस ऐतिहासिक गढको संरक्षण र संबर्द्धनमा टेवा पुग्ने तथा राष्ट्रिय एकताको भावनालाई थप मजुबत बनाउने अपेक्षा गरिएको छ ।

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको**

**अत्यन्त जरुरी सूचना**

यस बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यक्षेत्रभित्र पर्ने एशियन हाइवे पूर्वपश्चिम राजमार्गको निर्माण कार्य धमाधम भइरहेको र उक्त निर्माणाधीनको बाटोको दुबैतर्फ दायाँ–बायाँ खानेपानीको नयाँ पाइप लाइन विस्तार गरिने भएको हुँदा सडक क्षेत्रभित्र सडकले गर्ने निर्माण कार्य सम्पन्न भएका स्थानमा खानेपानी पाइप लाइन विस्तार भइसकेपछि मात्र घरधनीहरुले आफूले गर्नुपर्ने निर्माण कार्य गर्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**

बिर्तामोड (झापा)

# गायक तथा अभिनेता प्रशान्त तामाङको निधन

झापा, पुष २७ । इन्डियन आइडल विजेता प्रशान्त तामाङको ४३ वर्षको उमेरमा निधन भएको छ ।

हृदयघात भएर नयाँ दिल्लीको द्वारकास्थित एक अस्पतालमा पुऱ्याउँदा अस्पतालले उनलाई मृत घोषणा गरेको हो ।

अरुणाचल प्रदेशमा कार्यक्रम सकेर राजधानी फर्किएलगत्तै उनको मृत्यु भएको भारतीय संचारमाध्यमहरुले जनाएका छन् ।

निधनअघि उनलाई कुनै गम्भीर स्वास्थ्य समस्या वा असहजता देखिएको थिएन ।

सन् २००७ मा भारतीय टिभी रियालिटी शो इन्डियन आइडलको तेस्रो सिजनको ग्राण्ड फिनालेमा गायक प्रशान्तले करोडौं नेपालीभाषी 'फ्यान'को मन जितेका थिए ।

त्यस दिन उनले गाएका थिए, 'गोर्खालीको छोरो हुँ म, गोर्खे मेरो नाम...'

संसारभरका नेपालीले त्यो गीत सुनेर उनलाई उच्च सम्मान र माया दिएका थिए । प्रतियोगिताको विजयी क्षणमा ताज चुमेपछि उनका आमाले ढाका टोपी लगाइदिँदा सबैका आँखा रमाएका थिए । त्यसपछि प्रशान्त अझ प्रिय गायक बनेका थिए।

तर, ती प्रिय गायक सुरिलो स्वरका धनी प्रशान्तले आइतबार बिहान दिल्लीमा अन्तिम सास लिए, र करोडौं फ्यानलाई निरास पारेर कहिल्यै नफर्किने बाटोमा गए ।

४२ वर्षको उमेरमा हृदयघातबाट भएको उनको निधनले दार्जिलिङ मात्रै हैन, संसारभर छरिएर रहेका नेपालीभाषीमाझ शून्यता छाएको छ । 'उनको निधनले दार्जिलिङलाई गम्भीर शोकमा डुबाएको छ', चर्चित गायिका डेजी बराइलीले भनिन्,'संसारभरका नेपालीलाई रुवाएर उनी गएका छन् ।'

अरुणाचल प्रदेशमा कार्यक्रम सकेर राजधानी फर्किएलगत्तै उनलाई हृदयघात भयो। दिल्लीको द्वारकास्थित अस्पतालमा पुऱ्याइएपछि उनलाई चिकित्सकले मृत घोषणा गरेका थिए। प्रशान्तको मृत्युको पहिलो खबर पाएका थिए, इन्डियन आइडलका उपविजेता अमित पालले । प्रशान्तकी सासुले दुबईमा रहेका अमितलाई फोन गरेर रुँदै भनेकी थिइन्, ' तिम्रो प्रिय साथी प्रशान्त अब रहेन ।' खबर सुन्नेबित्तिकै इन्स्ट्राको स्टोरीमा अमितले लेखे, ' यो न्याय कसरी हुन सक्छ ? सधैं मुस्कुराइरहनुहोस् साथी, तपाईं बिना यो संसार पहिले जस्तो रहने छैन । म अझै यो कुरा बुझ्न सकिरहेको





छैन... मेरो दाजु, मेरो मित्र, मेरो साथी, स्वर्गतर्फ लागिसक्नु भयो... म विश्वास गर्न सक्दिनँ कि म यो लेख्दैछु।'

प्रशान्त ४ जनवरी १९८३ मा पश्चिम बंगालको दार्जिलिङमा जन्मिएका थिए। सामान्य परिवारका उनी सानै उमेरमा बुबा बितेपछि परिवारको जिम्मेवारी उनको कलिलो काँधमा आइलाग्यो। उनी घरको जेठो छोरा थिए र परिवारको आर्थिक तथा भावनात्मक समर्थन उनीमाथि थियो। चिया बगानको सुस्ताउँदो बिहानदेखि, गल्लीको खेल मैदानसम्म प्रशान्तको जीवन कहिले सामान्य थिएन। परिवारको जिम्मेवारी बोकेर उनी कोलकाता प्रहरीमा कन्स्टेबलको रूपमा भर्ती भए। प्रहरी ब्याण्डमा गीत गाउँदा गाउँदै उनी आफैलाई सांगीतिक यात्रातर्फ डोऱ्याउन थाले। ड्युटी सकिएपछि बेलुका ब्याण्डको अभ्यास, सानो कक्षमा गीत रेकर्डिङ यी सबैले उनी एक सक्षम गायकको रूपमा तयार भए।

सन् २००७ मा इन्डियन आइडल सिजन-३ मा अडिसन दिएपछि उनको जीवनले निर्णायक मोड लियो। स्टेजमा गाउन उभिँदा उनी एक्ला थिएनन् । करोडौ नेपालीभाषी फ्यान उनको साथमा उभिन्थे। दार्जिलिङको राजनीतिमा समेत उनले अप्रत्यासित तरंग ल्याए।

दार्जिलिङका तत्कालीन प्रशासक सुवास घिसिङले प्रशान्तलाई आइडल बनाउन नसघाएको आक्रोश चुलिँदै जाँदा अन्ततः दार्जिलिङबाट घिसिङले करिब दुई दशक लामो सत्ताबाट हात धुनु पर्यो । त्यही मेसोमा गोर्खा जनमुक्ति मोर्चा नामक नयाँ दल जन्मियो।दार्जिलिङमा विमल गुरुङ नामक नयाँ नेता उदाए।

जसले दार्जिलिङमा अलग राज्य गोर्खाल्याण्डको आन्दोलनको उभार ल्यायो । 'प्रशान्तकै कारण घिसिङले सत्ताबाट हात धुनु परेको थियो', प्रशान्तलाई आइडल बनाउने अभियानमा होमिएका नेपालीभाषी ज्ञानेन्द्र अर्याल सम्झिन्छन्,'प्रशान्तको आगमन र घिसिङको बहिर्गमन एकै पटक भयो ।'

प्रतियोगितामा करोडौं दर्शकको माया र निर्णायकको प्रशंसाले अन्ततः उपाधि नै जिते । दार्जिलिङले खुसीको मिठाइ बाँड्यो, चिया बगानमा, गल्लीमा, विद्यालयमा सबै ठाउँ उत्सवमा झुम्यो । त्यसको बाछिटा मेची तरेर नेपालसम्मै छिर्यो । 'प्रशान्तले आइडल जितेपछि हामी मध्यरातमा नारा लगाउँदै बजार घुमेको सम्झना अझै ताजा छ,', झापा धुलाबारीका रविन पाठक भन्छन्,'उनको जित आफ्नै जस्तो लागेको थियो।'

इन्डियन आइडलपछि प्रशान्त अत्यन्तै व्यस्त सेलिब्रिटी बने । सयौं स्टेज कार्यक्रमहरुमा उनी गाउँदै हिँड्न थाले। आइडल बनेपछि उनलाई पहिलो पटक नेपाली फ्यानहरुले निम्त्याएका थिए । काठमाडौ, धरान र भद्रपुरमा भव्य कन्सर्ट भएको थियो । कन्सर्टलाई व्यवस्थापन गरेका फिल्मकर्मी राजेश घतानी भन्छन्,' त्यो समय प्रशान्तको क्रेज देखेर हामी छक्क परेका थियौं ।'

आइडलले दिएको प्रतिष्ठापछि प्रशान्तले थुप्रै एल्बम सार्वजनिक गरे। उनका गीतहरूले नेपाली समुदायको मात्रै होइन, भारतभरकानेपाली भाषीहरूको मन जित्यो । उनको यात्रा गायनमा मात्रै सीमित रहेन । अभिनय क्षेत्रमा पनि छाप छाडे । नेपाली फिल्म ' गोर्खा पल्टन' बाट दर्शकको ध्यान आकर्षित गरे, त्यसपछि भारतीय वेब सिरिज पाताल लोक-२ र सलमान खान अभिनित फिल्म ब्याटल अफ गलवानमा उनको अभिनयले उनलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमै थप पहिचान दिलायो।

दार्जिलिङमा हुर्किएका धेरै युवा अहिले स्टेजमा उभिनुअघि प्रशान्तलाई सम्झन्छन् । उनका लागि संगीत स्वरको अभ्यास मात्रै थिएन । नेपाली समुदाय, पहाड र पहाडी पहिचानको आवाज थियो । फिल्मकर्मी राजेश घतानी थप्छन्, 'आज नेपाली कलाकार ठूला रियालिटी शोमा पुग्ने आँट प्रशान्तकै कारण सम्भव भएको हो ।'

प्रशान्त पत्नी गीता थापा र छोरी आरियासँग बस्दै आएका थिए। उनीहरूले सन् २०११ मा नागाल्याण्डमा विवाह गरेका थिए ।

प्रसिद्धि र व्यवसायिक सफलतापछि पनि प्रशान्त परिवारप्रति गहिरो रूपमा समर्पित थिए । उनले आफ्ना प्रियजनलाई सधैं पहिलो प्राथमिकता दिने गर्थे र आफ्नो जीवनको बल र उद्देश्यको मुख्य स्रोतको रूपमा मान्थे । घरपरिवारसँगको सम्बन्धमा पनि उनी जिम्मेवार थिए । यी जिम्मेवार गायक पत्नी र छोरीलाई मात्रै हैन, करोडौं फ्यानहरुलाई रुवाएर सदाका लागि अलप भए ।

**शिवसताक्षी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

व्याङडाँडा ,झापा

**जनहितमा जारी सूचना**

**चिसो मौसममा सुरक्षित रहौं :**

१.तातो तथा न्यानो कपडा लगाऔं,
२.तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
३. घर तथा कोठा न्यानो बनाऔं,
४. बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
५ न्यानो सिरक ओढेर सुत्ने गरौं
६. जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं
७. चिसोमा हिँडडुल (मर्निङवाक) नगरौं
८. कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**

**कुक आवश्यकता**

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

सम्पर्क
९८५२६४०४०५
9852640405

## बिर्तामोडको...

हुने भएकाले अस्पताल सञ्चालन गर्न सहज हुने अधिकारीले बताए । उनले आफूसँग सोही क्षेत्रमा भएको १७ बर्षको अनुभवका आधारमा नागरिक अस्पताललाई सहयोग गर्ने प्रतिबद्धता जनाए । कार्यक्रमका अतिथि नेपाल सरकारका पूर्व सचिव डा. टंक बाराकोटीले सहकारी अस्पतालले सस्तो मूल्यमा स्तरीय सेवा प्रवाह गर्ने विश्वास व्यक्त गरे । त्यस्तै अर्का अतिथि नेपाल सरकारका पूर्व उपसचिव डा. मुक्ति खनालले सहकारीहरुमा पछिल्लो घटनाक्रमले सञ्चालन चुनौती रहेको, स्वास्थ्य क्षेत्रमा विभिन्न विकृति रहेको र बजार प्रतिष्पर्धी रहेको भन्दै नागरिक स्वास्थ्य सहकारीले ती सबै चुनौती पार गर्दै उद्धेश्य पूरा गर्न सक्ने विश्वास व्यक्त गरे ।समाजसेवी तथा व्यवसायी राजकुमार पोखरेलले बिर्तामोडका व्यवसायीहरु एकजुट हुने हो भने अस्पतालमा सस्तो मूल्यमा गुणस्तरीय सेवा प्रवाह गर्न सकिने धारणा राखे । उनले सबै स्थानीयहरुलाई सहकारीको सदस्य बन्न आग्रह गर्दै नागरिक अस्पताललाई आफ्नो अस्पतालको रुपमा अपनत्व ग्रहण गर्न आग्रह गरे । शुभकामना मन्तव्यको क्रममा सहकारी संस्थाका संस्थापक अध्यक्ष बलराम कार्कीले बिर्तामोडलाई अस्पतालको हबको रुपमा विकास गर्न, मध्यम र न्यून वर्गीय बिरामीहरुको बाँच्न पाउने हकको सम्मान गर्दै अस्पताल सञ्चालनका लागि लागिपरेको बताए ।

संस्थाका अध्यक्ष युवराज दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रम सचिव रविन्द्र भट्टराईले सञ्चालन गरेका थिए । कार्यक्रममा सहभागीहरुलाई कोषाध्यक्ष जीवनकुमार खड्काले स्वागत गरेका थिए । खुल्न लागेको नागरिक अस्पताल बिर्तामोडको १७ औं अस्पताल हुनेछ । स्वास्थ्यको हव मानिने बिर्तामोडमा एक मेडिकल कलेज, एक सरकारी अस्पताल र १५ वटा निजी अस्पताल संचालनमा रहेका छन् । बिर्तामोडमै अर्को एउटा अस्पताल संचालन गर्ने तयारी गरिएको बुझिएको छ ।

**डाक्टर आउने बारे सूचना**

**आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलव्ध छ ।**

**डा. टंकप्रसाद बाराकोटी**

नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ

NMC –2356

**प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म**

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०

शनिश्चरे रोड , बिर्तामोड

**झापा गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

टाँघनडुब्बा, झापा

**शितलहर सम्बन्धी सतर्कता अपनाउने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा हाल देशैभरी बढिरहेको शितलहर तथा चिसोका कारण जनजीवन प्रभावित भइरहेको र झापा गाउँपालिकामा समेत प्रभाव बढिरहेकोले जाडो र चिसोबाट बच्न तपशिल बमोजिमका सावधानी अपनाउन झापा गाउँपालिकाबासीमा हार्दिक अनुरोध गरिन्छ।

१. अत्यावश्यक काम बाहेक बिहान र रातको समयमा बाहिर ननिस्कनुहोस् ।
२. न्यानो लुगा, टोपी, मोजा र कम्बल प्रयोग गर्नुहोस् ।
३. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुहोस् ।
४. चिसो बढ्ने समयमा तातो खाना र तातो पेय पदार्थ सेवन गर्नुहोस् ।
५. खुला ठाउँमा बस्ने, असहाय तथा विपन्न व्यक्तिहरूलाई न्यानो कपडा तथा सुरक्षित आश्रयको व्यवस्था गर्न आवश्यक सहयोग एवम् सहजीकरण गर्नुहोस् ।
६. चिसोका कारण ज्वरो, खोकी, सास फेर्न गाह्रो जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
७. आगो बाल्दा वा हिटर प्रयोग गर्दा आगलागी र ग्यास चुहावटप्रति सचेत रहनुहोस् ।

साथै कुनै घटना भए वा थप जानकारीका लागि झापा गाउँपालिका विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वि.ओ.पी कुमरखोद तथा पुरानो शरणामतीमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**जनार्दन निरौला**
प्रमुख प्रशासकीय अधिकत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बहस नगरौं

**नेपाल एकीकरणका प्रणेता पृथ्वीनारायण शाहलाई राष्ट्रनिर्माताको सम्मानको विषयमा अहिले नेपालमा बहस चलिरहेको छ । स-साना राज्यलाई एकीकृत गरी विशाल राज्यको निर्माण गर्ने पृथ्वीनारायण शाह नै हुन् भन्न बलियो आधार र बलियो पक्ष हुँदाहुँदै पनि सरकारले पृथ्वीनारायण शाहलाई राष्ट्रनिर्माताको सम्मान दिन सकिरहेको थिएन । तर यस वर्ष सार्वजनिक विदा दिएर राम्रो काम गरेको छ । नेपालको इतिहासमा 'राष्ट्रनिर्माता पृथ्वीनारायण शाह' भनेर लेखिएता पनि नेपाल सरकारले सम्मान गर्न कन्जुस्याइँ गरेको थियो ।**

**विश्व राजनीतिक इतिहासको अध्ययन गर्दा विश्वभरी छरिएर रहेका मुलुकहरूलाई उपनिवेशबाट स्वतन्त्र बनाउने या स-साना राज्यमा छरिएर रहेका राज्यहरूलाई एकीकरण गरी विशाल राज्य बनाउने महापुरुषहरूलाई त्यस देशका राष्ट्रनिर्माताको रुपमा लिएको पाइन्छ । राष्ट्रनिर्माताको सम्मान र इतिहास जीवन्त राख्नको लागि स्मारकहरू, संघ-संस्था र शहरहरूको नामाकरण गर्नुको साथै चलनचल्तीमा आएका रुपैया पैसामा तस्बिर अंकित गर्ने गरिन्छ । उनको भौतिक शरीर नभए पनि उनले पुऱ्याएको योगदानलाई सधैं जीवित राख्नकै लागि त्यस्तो गरेको हुनसक्छ । उदाहरणको लागि हाम्रा छिमेकी मुलुकहरूको इतिहास हेर्न सकिन्छ । भारतलाई अंग्रेज शासनको उपनिवेशबाट स्वतन्त्र बनाउने महापुरुष महात्मा गान्धीलाई भारतका राष्ट्रपिता भनिन्छ । र, उनको तस्बिर भारतीय रुपैयाँमा अंकित छ र त्यहाका विभिन्न संघ-संस्थाहरूको नामाकरण उनको नामबाट भएको छ भने भारतका विभिन्न शहरहरूमा उनको शालिक देखिन्छ । त्यतिमात्र नभइ अंग्रेज उपनिवेशबाट स्वतन्त्र बनाउन महत्वपूर्ण भूमिका खेल्न महापुरुषहरू जस्तै सुवाषचन्द्र बोस, लालबहादुर शास्त्री, राजेन्द्रप्रसाद, जवाहरलाल नेहरू, इन्दिरा गान्धीलगायतका व्यक्तिहरूको सम्मानको लागि भारत सरकारले उनीहरूको नामबाट विभिन्न संघ-संस्थाहरूको नामाकरण गर्नुको साथै विभिन्न शहरहरूमा उनीहरूको सम्झनाको लागि प्रतिमूर्ति स्वरुप प्रतिमाहरू निर्माण गरेको छ ।**

**यदि पृथ्वीनारायण शाह नेपालका राष्ट्र निर्माता हुन् भने किन उनलाई राष्ट्रनिर्माताको सम्मान नदिने । यदि उनले त्यस समयमा नेपालाई एकीकरण गर्ने अभियान नथालेको भए छुट्टाछुट्टै अस्तित्वमा रहेका बाइसे-चौबीसे राज्य, काठमाडौंमा मल्ल राज्य, पूर्वमा सेन किरात राज्य, पूर्वी तराईमा मिथिला राज्यलगायत विभिन्न स-साना राज्यहरूमा विभाजित थिए र अहिलेसम्म ती राज्यहरूको अस्तित्व हुने कमै सम्भावना छ । फलस्वरुप यो विशाल नेपालको कल्पना गर्न सम्भव थिएन । एकीकरण अभियानका नेतृत्वकर्ता पृथ्वीनारायण शाह भएकोले उनलाई राष्ट्रनिर्माता मान्ने कि नमान्ने यो प्रश्न टड्कारो रुपले उब्जिनु पर्दछ । देशको निर्माण गर्ने व्यक्तिलाई राष्ट्रनिर्माता मान्नुमा कुनै तर्क र बहसको जरुरी पर्दैन ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# राजनीति र जिम्मेवारी



प्राडा कृष्णकान्त पराजुली

राजनीति राज्य सञ्चालनको सर्वोच्च तथा नियन्त्रक नीति हो । मुलुकको कुनै पनि किसिमको समृद्धि राजनीतिबिना सम्भव हुँदैन । कुनै पनि मुलुकको अग्रगमन तथा समृद्धि त्यो देशको राजनीति र नेतृत्वसँग जोडिएकै हुन्छ । देशको अभिवृद्धिमा राजनीतिक नेतृत्वको दैनिक जीवनको बोली व्यवहार, आर्थिक अनुशासन, नैतिकता, आहारविहार तथा आचरण प्रत्यक्ष रूपमा जोडिन्छ पनि । यी आदर्श मूल्यमान्यतालाई अलग राखेर नेता वा नेतृत्वले देशको विकास र समृद्धि हासिल गर्न सक्छ भन्ने कल्पना गरिनु हुँदैन ।

अरूलाई मार्गदर्शन गर्ने, अगुवाइ गर्ने वा नेतृत्व गर्ने, दिशा देखाउने, सङ्गठन वा समाजलाई प्रगतिशील दिशातर्फ उन्मुख गराउन सक्षम व्यक्तिलाई नेता भनिन्छ । जनहितको संरक्षण गर्दै समाजलाई स्थिरता, न्याय र समावेशिताको मार्गतर्फ अगाडि बढाउँदै जनताको आवाज प्रतिनिधित्व गर्नु, कानुन, संविधान र लोकतान्त्रिक मूल्यको सम्मान गर्नु, सार्वजनिक स्रोत र अधिकारको संरक्षण गर्नु, सामाजिक सद्भाव, शान्ति कायम गर्नु नेताको प्रमुख दायित्व हो ।

सत्यनिष्ठ, इमानदार र उत्तरदायी हुनु, शक्ति र पदको दुरुपयोग नगर्नु, आत्मसंयम, सरलता, विनम्रता र पारदर्शिता अपनाउनु, समय, वचन र जिम्मेवारीप्रति प्रतिबद्ध रहनु, उत्तेजक, अपमानजनक वा गैरजिम्मेवार अभिव्यक्ति नदिनु, आलोचना सहन सक्ने क्षमता हुनु आदि नेताका व्यक्तिगत जीवनको अनुशासन हो । सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, भ्रष्टाचार, घुसखोरी र आर्थिक अनियमितताबाट टाढा रहनु, व्यक्तिगत लाभभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिनु, आयव्ययमा पारदर्शिता कायम गर्नु नेताका आर्थिक अनुशासन हो । न्याय, सत्य र मर्यादालाई सर्वोच्च मान्नु, गलत कार्यलाई समर्थन नगर्नु, आफ्नै पक्ष भए पनि नैतिक साहसका साथ सही निर्णय लिनु, पद, पैसा वा दबाबका कारण मूल्यमान्यता नछोड्नु नैतिकता हो ।

परिवारभित्र समानता, सम्मान र जिम्मेवारीको अभ्यास गर्नु, नातावाद, कृपावाद र पक्षपातबाट टाढा रहँदै सार्वजनिक पदको दुरुपयोग गरी परिवार वा आफन्तलाई अनुचित लाभ नदिनु उसको पारिवारिक व्यवहारको आधार हो । त्यसै गरी संयमित, स्वस्थ र मर्यादित जीवनशैली अपनाई विलासी, भड्किलो वा विवादास्पद आचरणबाट जोगिनु, जनतासँग दुरी बढाउने शैली नअपनाई सरल, पारदर्शी र जनमुखी व्यवहार देखाउनु नै नेताको राम्रो आहारविहार तथा आचरणको परिचय हो ।

विशेष गरी सार्वजनिक जीवनमा रहेका नेताहरूका सामाजिक तथा व्यक्तिगत आचरण, जस्तै विवाह, व्रतबन्ध, जन्मोत्सव, वार्षिकोत्सव, चाडपर्व आदि समग्र समाजका लागि मार्गदर्शक र अनुकरणीय हुनु पर्छ । यस्ता कार्यक्रम जब अनावश्यक रूपमा भड्किला, खर्चिला र प्रदर्शनमुखी बन्छन्, तब समाज सहजै त्यसको नकारात्मक प्रभावमा पर्न बाध्य हुन्छ । यस किसिमका आचरणले तत्कालीन समकक्षी वर्गमा मात्र होइन, भावी पुस्तामा समेत गलत मूल्य र विकृत संस्कारको बीजारोपण गरिरहेको देखिन्छ, जसले अन्ततः समाजलाई क्रमशः विशृङ्खलतातिर धकेलिइरहेको हुन्छ । यसको गम्भीर परिणामस्वरूप आर्थिक रूपमा कमजोर वर्गले त्यही समाजमा अस्तित्व जोगाइराख्नुपर्ने बाध्यताका कारण भ्रष्टाचार प्रत्येक व्यक्तिको मनमस्तिकबाट आफैँ उत्पादन हुन थाल्छ र समाज नै भ्रष्टीकरणतर्फ उन्मुख भई भ्रष्ट समाजले उत्पादन गरेको नेता र नेतृत्व भ्रष्ट हुनु सामाजिक उपज हुन जान्छ । भ्रष्टाचारबाट आर्जित धनले सामाजिक नैतिकता, मूल्य र अनुशासनलाई क्षय गराउँदै समाजलाई विकृत बनाउनेबाहेक कुनै पनि दीर्घकालीन सकारात्मक परिणाम दिन सक्दैन ।

अब नेपालतर्फ फर्केर हेर्दा, नेपालका धेरै जसो स्थापित भएका र हुन खोजिएका नेताहरूको जीवनशैली, व्यवहार र प्रस्तुति हेर्दा उनीहरू आफैँ संयम, सादगी र नैतिकताको आदर्श प्रस्तुत गर्न चुकेको देखिन्छ । एकातिर आमनागरिक आर्थिक अभाव, बेरोजगारी र असमानतासँग सङ्घर्ष गरिरहेको अवस्थामा नेताहरूको भड्किलो जीवनशैली, खर्चिला समारोह, विलासी सवारीसाधन र प्रदर्शनमुखी व्यवहार सामाजिक असन्तुलनलाई अझ गहिरो बनाउने कारण बनेका छन् ।

अहिले नेपालमा राजनीतिक नेतृत्वमा स्थापित हुन अपनाइने अभ्यास विभिन्न रूपका देखिन्छन् । सभाको मञ्चबाट भिडलाई उत्तेजित गर्ने खालका भाषणहरू, निन्दात्मक तथा विभाजनकारी अभिव्यक्ति, सामाजिक सञ्जालमार्फत फैलाइने नकारात्मक टिप्पणीहरू, मिडियामा प्रस्तुत गरिने कटाक्षपूर्ण विचार, व्यक्ति विशेषलाई लक्षित गरी गरिने आलोचनात्मक अभिव्यक्ति तथा तथ्यविहीन आरोपसहितका उत्तेजक वक्तव्य आज नेपालमा नेता बन्ने सजिलो माध्यमका रूपमा विकसित हुँदै गएका छन् । यी सबैमध्ये सामाजिक सञ्जाल सबैभन्दा शक्तिशाली माध्यमको रूपमा स्थापित भएको छ ।

अहिले एआई (कृत्रिम बुद्धिमत्ता) ले सामाजिक सञ्जालमा आबद्ध मानिसलाई सम्बन्धित व्यक्तिको मनोवृत्ति र विचार पहिचान गर्न सक्ने क्षमता राख्छन् र सोही अनुसारका विषयवस्तु निरन्तर प्रवाह गर्छन् । यसरी कब्जामा पारिएको मन र विचारमा कस्तो प्रकारको विषयवस्तु प्रवाह गर्नु पर्छ भन्ने कुरा आइटी विज्ञहरूले सजिलै पहिचान गर्न सक्छन् । त्यस अनुसार योजनाबद्ध ढङ्गले सामग्री तयार गरी निरन्तर रूपमा प्रवाह गरिन्छ, जसले अन्ततः आममानिसको सोच र धारणा नियन्त्रणमा लिन सफल हुन्छ । यही प्रविधिको निरन्तर प्रयोग गर्ने आममानिस आफूलाई थाहै नपाई कुनै एक निश्चित धारणाको प्रभावमा परिसकेका हुन्छन् र सोही आधारमा आफ्ना अभिव्यक्ति तथ्य र प्रमाणद्वारा पुष्टि भएको दाबी गर्दै सार्वजनिक गर्छन् । यही प्रविधिको दुरुपयोग गर्दै केही नेता आफूलाई नेतृत्वमा स्थापित गराउने प्रयास गरिरहेका देखिन्छन् । नेपाल अहिले त्यसैको सिकार बन्न पुगेको देखिन्छ ।

नेपालको राजनीतिक नेतृत्वमा स्थापित हुनका लागि प्रयोग गरिने अर्को प्रभावकारी हतियार नकारात्मक धारणा र अभिव्यक्ति हुन् । कुनै व्यक्ति, संस्था वा पार्टीलाई आफूले प्रतिद्वन्द्वीका रूपमा पहिचान गरेपछि योजनाबद्ध ढङ्गले त्यसका विरुद्ध नकारात्मक टिप्पणी र आलोचनात्मक अभिव्यक्ति प्रवाह गरिने तथा त्यसैसँग तुलना गर्दै आफूलाई सकारात्मक र श्रेष्ठ रूपमा प्रस्तुत गर्ने प्रयास भइरहेको देखिन्छ । यस्तो अभ्यास केवल नेताहरूमा मात्र सीमित नरही सार्वजनिक क्षेत्रसम्म फैलिएको छ । सार्वजनिक वृत्त पनि यस्ता नकारात्मक धारणा र विचारबाट प्रभावित भई सोही अनुसारका बहस र विवादमा संलग्न हुँदै गएको देखिन्छ । परिणामस्वरूप, स्वस्थ र तथ्यमा आधारित राजनीतिक विमर्शभन्दा भावनात्मक, विभाजनकारी र पूर्वाग्रही बहसहरूले प्राथमिकता पाउन थालेका छन् ।

मुलुकको समृद्धिका लागि देशवासीले गम्भीर रूपमा बुझ्नुपर्ने कुरा के हो भने अर्काको आलोचनामै आफ्नो समय र ऊर्जा खर्च गर्ने कुनै पनि नेता वा राजनीतिक पार्टीले देशको दीर्घकालीन विकास र समृद्धिका विषयमा गहन चिन्तन गर्न सक्दैन । जब राजनीतिक अभ्यास विकासमुखी सोचभन्दा बदलाको राजनीतितर्फ केन्द्रित हुन्छ, तब त्यसको परिणामस्वरूप मुलुकले फेरि अर्को रूपका नकारात्मक टिप्पणी, कटाक्षपूर्ण अभिव्यक्ति र निरन्तर द्वन्द्वबाहेक केही पाउँदैन । अरूको कमजोरी औँल्याएर मात्र आफ्नो नेतृत्व निर्माण गर्ने व्यक्ति राष्ट्रका लागि उपयुक्त पात्र नहुन सक्छ । विरोध र आलोचनामै सीमित रही, अरूका कमजोरीमा समय खर्चिने तथा बदलाको राजनीतिमा संलग्न नेतृत्वले मुलुकलाई अग्रगमनतर्फ डोऱ्याउने निकास दिन सक्दैन । परिणामस्वरूप देश पटक-पटक उही राजनीतिक अस्थिरता, विकासको अधोगति तथा दुर्दशाको चक्रमा फसिरहन्छ । बदलाको राजनीतिले समृद्धि दिन नसक्ने यथार्थका उदाहरणका रूपमा दक्षिण एसियाली मुलुक पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र म्यान्मारलाई हेरे पुग्छ । यी मुलुकको अनुभवले स्पष्ट देखाउँछ कि नकारात्मक राजनीति र प्रतिशोधमुखी सोचले राष्ट्रनिर्माण होइन, सङ्कट र अस्थिरता मात्र उत्पादन गर्छ ।

धेरैजसो नेपाली नेता र नेतृत्वको भाषणमा, बोलीमा, सामाजिक सञ्जालका प्रस्तुतिमा आफूलाई सर्वश्रेष्ठ देखाउन खोजेको पनि देखिन्छ । जब उसको अनुशासन, नैतिकता, आचारण, पारिवारिक व्यवहार, आहारविहार नजिकबाट नियाल्यो भने उसले प्रस्तुत गरेका भाषण, विचार, सामाजिक सञ्जालका प्रस्तुति आदि केहीमा पनि मेल खाँदैन । यी कुरामा मेल खान पुग्यो भने त्यो साँच्चिकै असल नेता हो भनेर छुट्याउन सकिन्छ । यसरी नेताका बोली र व्यवहारमा तादत्म्यता छ वा छैन भन्ने मापदण्डले मुलुकको असल नेताको पहिचान हुन सक्छ ।

अब प्रश्न उठ्छ, के केवल असल गुण भएको व्यक्ति मात्र मुलुकको समृद्धिका लागि योग्य नेतृत्व बन्न सक्छ ? यथार्थमा, असल गुण नेतृत्वका लागि अनिवार्य भए पनि ती मात्र पर्याप्त हुँदैनन् । प्रभावकारी र दूरगामी नेतृत्वका लागि बदलाको भावना नलिई, कसैका प्रति बैरभाव नराखी, दृढ इच्छाशक्ति, स्पष्ट र दीर्घकालीन दृष्टिकोण, समृद्धिका ठोस आधारहरूको गहिरो बोध, निःस्वार्थ सेवाभाव, अनुशासित कार्यशैली, मर्यादित आचरण, उच्च नैतिक मान्यता तथा राष्ट्रहितका लागि कठोर सङ्कल्पसहितको समर्पित व्यक्तित्व अपरिहार्य हुन्छ । यस्ता गुण र प्रतिबद्धता सम्पन्न नेतृत्वको विवेकपूर्ण पहिचान गर्दै, अरूको भड्काउ, उत्तेजना वा क्षणिक भावनाको प्रभावमा नपरी, देश र भविष्यका लागि योग्य नेता चयन गर्नु प्रत्येक सचेत नागरिकको गहन दायित्व हो । नागरिकको संवेदनशीलता, विवेक र जिम्मेवारीको वास्तविक परीक्षा भनेको आफ्नै हातमा निर्णय गर्ने अधिकार निहित भएको क्षणमा नै प्रकट हुन्छ । गो.प.

# एकीकरणका महानायक पृथ्वीनारायण शाह



• विश्वनाथ खरेल

आधुनिक नेपालका संस्थापक राजा बडामहाराजधिराज पृथ्वीनारायण शाह दक्षिण एसियाको इतिहासमा एक उच्च, कुशल, महान्, पराक्रकी व्यक्तित्वका रूपमा परिचित छन् । उनको एकीकरण परियोजनाको दृष्टि र विरासतले शताब्दीयौंदेखि उल्लेखनीय उपेक्षाको सामना गरेको थियो । यस अर्थले भन्ने नै हो भने ऐतिहासिक, राजनीतिक र सामाजिक कारकहरू र मुलुकको राष्ट्रिय पहिचान, शासन र विकासमा यसको नतिजाहरू सहित यस उपेक्षाका विभिन्न आयामको खोजी गर्दछ ।

फलतः शाहको दृष्टिलाई सम्मान र दिगो बनाउन असफल भएकाहरूको आलोचनात्मक विश्लेषण गरेर, यो उपेक्षाले समसामयिक नेपाललाई कसरी असर गर्छ भनेर बुझ्ने लक्ष्यलाई पनि लिन सकिन्छ । पृथ्वीनारायण शाहले २० वर्षको उमेरमा सन् १७४३ मा सानो पहाडी राज्य गोरखाको सिंहासनमा आरोहण गरेका थिए । जुन नेपाललाई एकीकरण गर्ने उनको सपना क्षेत्रीय महत्त्वाकांक्षाले मात्र नभई बलियो, आत्मनिर्भर राष्ट्रनिर्माणको आवश्यकताबाट प्रेरित थियो । यसमा पनि विशेष गरी ब्रिटिस इस्ट इन्डिया कम्पनीको बाह्य खतरा र पहाडी र तराई राज्यबीचको आन्तरिक प्रतिस्पर्धाको सामना गर्दा उनले टुक्रिएका राज्यहरूका कमजोरी बुझेका थिए ।

रणनीतिक सैन्य अभियान, कूटनीतिक कुशलता र पूर्ण दृढ संकल्पका साथ शाहले सन् १७६८ मा यस क्षेत्रको सांस्कृतिक र आर्थिक केन्द्र काठमाडौं उपत्यकालाई सफलतापूर्वक विलय गरेका थिए । सन् १७७५ मा आफ्नो मृत्युको समयसम्म उहाँले एकताको जग बसाल्नु भएको थियो । त्यसबेला नेपाल, जसलाई उनका उत्तराधिकारीले पछि विस्तार गरे । 'नेपाल चार जात छत्तीस उपजातिको बगैंचा हो' भन्ने उनको प्रख्यात भनाइले



समानुपातिक र समावेशी समाजको उनको आकांक्षा झल्काउँछ । उहाँका नीतिहरूले आत्मनिर्भरता, राष्ट्रिय एकता र सांस्कृतिक संरक्षणमा जोड दिएका थिए । जुन दृष्टिकोणलाई दुर्भाग्यवश, आधुनिक नेपालमा अक्सर बेवास्ता गरिएको थियो ।

पृथ्वीनारायण शाहको पनि बहुपहिचान छ । विभिन्न राज्य-रजौटा, भुरे-टाकुरे, स-साना आकारमा छरिएर रहेका हिमाली राज्यलाई एकीकरणको सूत्रमा बाँधी एउटा बलियो हिमाली राष्ट्र खडा गर्ने अभियन्ताका रूपमा उनको पहिचान कायम छ । वस्तुतः देशको सिमाना व्यापक र सुदृढ बनाउने चाहना राख्ने चिन्तकका रूपमा उनको अर्को पहिचान पनि पाइन्छ । कतिपयले उनलाई राजाका रूपमा हेर्ने गरेका छन् । तर, उनको क्रियाकलाप अध्ययन गर्दा नेपाल राष्ट्रनिर्माता, राष्ट्राध्यक्ष, राष्ट्रप्रेमीको पहिचानसमेत देखिन्छ । विगतमा उनको जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवसमा रूपमा राज्यले मनाउने गरेको थियो । पृथ्वीनारायण शाह नेपालका राष्ट्रनिर्माता, युगपुरुष, राष्ट्रभक्त र सर्वोपरि रूपमा आधुनिक नेपालका निर्माता हुन् । सारा जीवन राष्ट्रनिर्माणका निम्ति लगाउने एक ठूला साधक हुन् । यस्ता राष्ट्रप्रेमी युगपुरुषले राष्ट्रनिर्माता पृथ्वीनारायणको विराट् व्यक्तित्व प्रकट हुन्छ ।

शाहले टुक्राटुक्रामा विभाजित राज्यलाई एक सूत्रमा आबद्ध गरी नयाँ नेपालको जग बसालेका मात्र होइनन्, तत्कालीन नेपालको सामाजिक, राजनीतिक, आर्थिक आदि विभिन्न तहको राम्रो अध्ययन, मनन, विश्लेषण गरी त्यसका आधारमा निचोड निकालेर विभिन्न नीति निर्धारण गरेका थिए । नेपाल र सम्पूर्ण नेपालीको अस्तित्व जोगाउन विभाजित नेपाललाई एक सबल र अखण्ड राष्ट्रका रूपमा खडा गराउने महान् कार्य शाहबाटै भएकोमा इतिहास साक्षी छ । यसर्थ, नेपाल राष्ट्रको स्वतन्त्रता अक्षुण्ण राख्ने पृथ्वीनारायणकै एकीकरणका कारण ब्रिटिस भारतको चंगुलबाट बच्न सहज भयो ।

यसरी देशभक्ति, वीरता र स्वाभिमानले ओतप्रोत भएका उनले नेपालको अस्तित्व जोगाउन चाहिने नेतृत्व मात्र प्रदान गरेनन्, स्वयं निरन्तर राष्ट्रको विस्तार र विकासमा समेत क्रियाशील रहे । जबकि, एसियाको यस भूभागमा तमाम देश, राज्य र रजौटा एकपछि अर्को विदेशी सत्तासामु नतमस्तक भई आत्मसमर्पण गर्न बाध्य भइराखेका थिए । नेपालको इतिहासमा पृथ्वीनारायणको गरिमा विशिष्ट र अतुलनीय रहिआएको छ । राष्ट्रनिर्माता शाहको अथक प्रयास र पराक्रमबाट वर्तमान नेपालको एकीकरण भयो र हामी नेपाली कहलाउन पायौं । नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी भएका कारण यहाँ जाति, धर्म र सम्प्रदायबीच कहिले पनि झै-झगडा र मनोमालिन्य भएको देखिन्न ।

नेपालको ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने यहाँ लिच्छविकालीन राजा अंशु बर्माको शासनलाई नेपालको स्वर्णयुग मानिन्थ्यो । यस युगमा सुनका सिक्कासमेत चलाइन्थ्यो । यही सत्यतालाई अन्य राजाले अँगाल्दै आउँदा बीचमा केही समय बाइसी-चौबिसी राजा रजौटाले मुलुकको स्वतन्त्र अस्तित्वलाई खलबल्याउने प्रयत्न गरे पनि त्यस्तो प्रयास निष्फल हुन गयो । पृथ्वीनारायण शाहले टुक्रिन लागेका भूभागलाई एक सूत्रमा बाँध्ने अभिलाषाले बाइसी-चौबिसी राज्यको उन्मूलन गरेर काठमाडौं, ललितपुर, भक्तपुर र अधिराज्यभरका सम्पूर्ण राज्यलाई एउटै राष्ट्रिय झन्डामुनि एउटै राजाको नेतृत्वमा ल्याउने अभियान सुरु गरे । जसलाई उनका उत्तराधिकारीले पूर्णता दिए ।

शाहको सम्पूर्ण जीवन युद्धमै बिते पनि उनले शासन सुधार्ने र जनतालाई सुख-सुविधा दिने कार्यमा प्रशस्त ध्यान दिएका छन् । उनले जातीय तथा वर्गीय भेदभाव नराखी सबै जनताको सहयोगमा विशाल मुलुक स्थापित गरे । उनी परराष्ट्र मामिलामा अत्यन्त सचेत र दूरदर्शी थिए । नेपालले अपनाइरहेको असंलग्न परराष्ट्र नीतिका आरम्भकर्ता उनै हुन् । शाहको तुलना उनका उत्तराधिकारी र अन्य राजासँग गर्न मिल्दैन । इतिहास शासकको चाहनाअनुसार लेखिन्छ भन्ने वक्रोक्ति उनका हकमा पूरै चरितार्थ छ । नेपालको भौगोलिक एकीकरण अभियानको नेतृत्व गर्ने उनको सम्मान गर्न यो जन्मजयन्तीलाई सरकारले राष्ट्रिय पर्व घोषित गरेको छ । उनको एकीकरण परियोजना मुलुकको इतिहासमा एउटा ठूलो सफलताको क्षण थियो । मूलतः बलियो, एकताबद्ध र स्वतन्त्र राष्ट्रका लागि उहाँको दृष्टिकोणले नेपाली पुस्तालाई प्रेरणा दिइरहेछ । अ.पू.

# मदन भण्डारी र ओली एमालेमा फरक



• मिथिला पोखरेल

प्रसिद्ध लेखक तथा प्रगतिवादी साहित्यकार सरिता तिवारीले हालै प्रकाशित 'स्वस्थानी कथा व्रत बस्न होइनः समाज बुझ्न पढ्नु पर्ने' शीर्षकको लेख पढ्न पाइयो । यो लेख काठमाडौँको नयाँ पत्रिकामा प्रकाशित भएको थियो । कम्तीमा आम महिलालाई चेतनशील र जागरुक बनाउने लेख लेखकोमा तिवारीजीलाई धन्यवाद दिन मन लागेको छ । एकाध भए पनि यस्ता गम्भीर विषयमा लेखमार्फत् चासो र चिन्ता व्यक्त गर्ने महिला देख्दा धेरै खुसी लाग्छ । अहिले एमालेमा त कहाँ कहाँ कुन कुन पद,ओहदा र अवसर सरसुविधा पाइन्छ ? त्यसैका लागि हत्ते हाल्ने गरेको पाइन्छ । मदनको एमालेमा विचार सिद्धान्त,चिन्तन मनन र लेखन कार्यलाई प्रोत्साहित गरिन्थ्यो । अयोग्यमध्ये योग्यलाई र अझ योग्यतमलाई खोजी खोजी हरेक जिम्मेवारी दिइन्थ्यो । अहिले त पोइल जान पाम् भन्ने विभिन्न पार्टी चहारी हिड्ने वा पोइल आइजाइ गरिरहने बुढीकन्येलाई खोजीखोजी रोजीरोजी ओच्छ्यान अरु तमाम पार्टी र सिद्धान्त प्रतिबद्धलाई रछ्यानमा मिल्काउने गरिएको छ । कुन कुन नेताका नजिक भए खान,मान र शान पाइन्छ ?त्यही धन्दा चल्तीमा देखिन्छ । एमाले अखिल नेपाल महिला संघ मात्र देखावा जस्तो छ । पार्टीले पनि बुद्धि,ज्ञान र उच्च चेतनाको पठनमैत्री भावनाका कार्यकर्ता खोज्न छाडेको छ । प्रथम महिला राष्ट्रपति तथा एमाले पूर्व उपाध्यक्ष विद्या भण्डारीको नेतृत्वमा राजनीति र राजकीय क्षेत्रमा ३३ प्रतिशत महिला अनिवार्य सहभागी बनाउने नीति र विधि पारित भयो । यस्तो गुन देख्ने महिला झापामा छन् र ? छन् र थिए भने महिला अस्मितामाथि बारम्बार तुच्छ आक्षेप गर्दा तिनीहरु कहाँ थिए । आफैँमाथि भएको अमानवीय व्यवहारका विरुद्ध एक शब्द नबोल्ने महिला पितृसत्तात्मक घटिया सोचका महिला हुन् । यसमा तमाम नेपाली महिलाले बोल्नु पर्छ र पर्थ्यो । यो त काल पल्के सरहको दुर्वचन र दुर्व्यवहार हो । अहिले पनि विभिन्न तहमा विराजमान महिलाहरु मनग्गे छन् तर सरिता तिवारी जस्तै कलममार्फत् महिला र जनजारण ल्याउने महिला कति छन् ?अधिकार पाएर पनि त्यसलाई भरपूर उपयोग गरेर नमुना काम गर्ने महिला महिला हुन् । थपना मात्र भएर हावा न चावा जस्तो भएर मात्र पदीय हैसियत थाम्न सकिन्न । तर यस्तै चालामाला व्याप्त देखिन्छ । यस्ता पछौटे चिन्तनको एउटा मूल कारण महिलामा व्याप्त पछौटे चिन्तन नै हो । पूर्व मन्त्री विद्या भट्टराई पनि महिला नै हो तर आफू नै अघि बढ्ने आँट र अठोट पहिले त आफैँमा हुनुपर्छ । यस्ता विषयमा बोकेको कुकुरले मृग मार्दैन ।

. सरिता तिवारीले आफ्नो लेखमा छोरीहरुलाई स्वस्थानी व्रतकथाका चरम अन्धविश्वासमा विश्वस्त गराइएको बताएकी छिन् । यसमा उनले आमाहरुलाई मुख्य दोषी देखाएकी छिन् । तिवारीले स्वस्थानी कथा आज पनि वाचन हुनु , कथाको महिमा गाइनु, छोरीहरुलाई स्वस्थानी व्रत बस्न आमाहरुले नै उत्प्रेरित गरेको किटान गरेकी छिन् । लेखको सार पक्षलाई उजागर गर्दै स्वस्थानी कथा कर्मकाण्डी पुरुषहरुले नै लेखेका हुन् भनेको पाइन्छ । स्वस्थानी ब्रत कथाबारे मैले पनि लेख लेख्ने गरेकी हुँ । तर तिवारीको लेखमा कतिपय टिप्पणी गर्नु पर्ने देखियो । ब्रत आफैँमा खराब कुरा होइन । पुर्खाहरुले उपनयन वा व्रतबन्ध गर्ने विधि नर वा नारी वा मान्छेलाई मान्छे बनाउने विधि रहेछ । जन्मदा हर नरनारी शूद्र वा संस्कारहीन हुने हुनाले व्रतबन्धको विधि अपनाएको रहेछ । तर बिरालो बाँध्ने संस्कार हाबी हुँदा छोरो र अझ बाहुन छोराको मात्र व्रतबन्ध गर्ने संस्कार प. छविलाल पोखरेलले उहिल्यै तोडेका हुन् । आफूले पनि केही त प्रगतिशील कुरा मात्र होइन, काम पनि गर्नु पर्छ । के सरिता तिवारी लगायत अग्रगामी चेतका महिलाले स्वस्थानी व्रतकथालाई समय सापेक्ष बनाउन ध्यान दिनु पर्दैन ? गरुड पुराण लगायत अनेक कितावहरुलाई समय सापेक्ष सम्पादन गर्न सकिन्न ? यस्ता विषयमा महिला लगायत सुधारवादी भावनाका हामी बसेर औपचारिक कार्यक्रम गर्न सक्तैनौँ । म र हामीले आफ्नै घरबाट चरम अन्धविश्वासका विरुद्ध चिन्तन र विचार मात्र होइन, व्यवहार नै गर्दै आएका छौँ । छोरी र छोरा क्रमशः प्रशंसा र प्रशान्तको ब्रतबन्ध गरेका हौँ । सासु आमा हरिमाया पोखरेलको ८४ र रंगलाल दर्जीलाई वाणी पूजाका नाममा एउटै मञ्चमा सम्मानसहित नगद प्रदान गरेका हौँ । प्रा.डा. बद्रीविशाल पोखरेलले आमाको सात दिनमा नै क्रियाकर्म सम्पन्न गर्नु भयो । डा. पोखरेलले १८ पुराणको सार खिचेर अर्वाचीन पुराण तयार गर्नु भएको छ । यसलाई उहाँ जनताको पुराण भन्नु हुन्छ । राष्ट्र महात्म्य,नीति शिक्षा महात्म्य,धर्म महात्म्य,श्रममैत्री महात्म्य र महिला महात्म्य जस्ता समाज उपयोगी जीवन उपयोगी पुराणलाई अर्वाचीन पुराण नाम दिइएको छ । यस संस्थाकी म आफैँ अध्यक्ष हुँ । जननेता मदन भण्डारीबाट हामीले यस्ता प्रगतिशील सुधार गर्दै क्रमशः सबै खालका अन्धविश्वास समाप्त पार्ने कुरा सिक्यौँ । तर, ओली एमाले त मदन र जबजको नाम भजाएर खाना, नाना र छाना छाउन मात्र लागिपरेको छ । यस सबालमा मदन भण्डारी फाउन्डेशनको सोच अहिलेसम्म शून्य रहेको डा. पोखरेल बताउनु हुन्छ । त्यसैले सरिताजी कुनै पनि कुराका सकार र नकारलाई पर्गेल्नु पर्छ । सोलो डोलो सबै खराब भन्नुहुन्न । एउटा एउटा विषयका आधारमा सबै पुरुष खराब, अझ यसभन्दा अघि बढेर उनले यस्ता विषयले हाम्रो समाजशास्त्रीय चिन्तन , हाम्रो विज्ञान सबै फेल भएको हो भन्नु सरासर नजाती हो । बरु सरिताजीसहित हामी फेल,असफल र अयोग्य भएका हौँ । कुनै पनि कुराको विरोध मात्र गर्ने होइन, उचित र सही विकल्प दिनुपर्छ । कुण्ठा मात्र लिएर ,पालेर र यसकै बिस्कुन सुकाएर हुँदैन । यस्ता लेख लेख्दा पनि अहिलेको एमालेले कार्बाही गर्ने हो कि भन्ने डर लाग्न थालेको छ ।

ब्रत भनेको निश्चित नियम,विधि र खानपानसम्वन्धी आचरण र नियम हो । यही नियममा बस्नु व्रत बस्नु हो । हप्ताको एक दिन फलफूल वा अन्दमूल खाने जस्ता ब्रत लिनाले मानव स्वास्थ्यमा लाभ पुग्दछ भनिन्छ । तर स्वस्थानी व्रत कथा र तिजका जस्ता केही व्रतहरुमा विशेष गरेर आम बर्तालु महिलालाई मर्नु न बाँच्नुको अवस्थामा पुऱ्याएको देखिन्छ । यो भने सरासर चरम विकृति हो । यस विषयमा तिवारीले लेखमा उल्लेख गरेकै छिन् ।

स्वस्थानी व्रत कथामा छोरीलाई असाध्यै हेलाहोचो र अपमान गरिरहेको देखिन्छ । यस कथाको समापनमा र आठ रोटी लगायत प्रसाद समेत छोरीलाई दिनुभन्दा खोलामा बगाउनु भन्ने कुराले छोरीप्रतिको अत्याचार स्पष्ट हुन्छ ।

हाम्रा धार्मिक पुराण र व्रत कथाहरुमा प्राय छोरीलाई भोग्या,भाग्यवादी,नोकर्नी र सुसारेका रुपमा मात्र हेरिएको देखिन्छ । नेपालको संविधानले समाजमा विद्यमान धर्म,प्रथा,परम्परा,रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद,असमानता,शोषण र अन्यायको अन्त्य गर्ने किटानी व्यवस्था गरेको छ ।

त्यसो हुँदा अब संघीय लोकतान्त्रिक गणतन्त्रकालमा पनि उही सामन्तकालीन अन्ध परम्परा र रुढीबुढीका पछि लाग्न सचेत महिलालाई सुहाउँछ ? अहिले त आफूलाई समाज परिवर्तन गर्ने भन्नेहरु नै पनि यस मामलामा चुपचाप देखिन्छन् । मदन भण्डारी भूमिगत कालमा स्व. ओम कोइरालाका घरमा आश्रय लिन आइरहन्थे । यस्ता बेलामा सुरिलो स्वर भएको छोराको साथी मदनलाई आमा,दिदी,बहिनीहरुले धेरै आग्रह गरेपछि मदनले कथा वाचन गरेर सुनाए । कथा वाचन गरिसकेपछि भण्डारीले आमाहरुलाई सम्झाउँदै कम्तीमा अहिले हो कि भोलि मर्ने हो जस्ता ऱ्याले, कुप्री र धरमर परेको जीर्ण बुढालाई बैसालु छोरी बहिनी बिहे गरेर दिनु हुन्न, तपाईहरुले जे जस्तो कष्ट भोग्नु भयो अब छोरीहरुलाई आफूले भोगेजस्तै पीडा दिने काम गर्नु हुन्न मदनले भने । अरु पनि छोरीलाई चरम अपमान र उपेक्षा गरिने व्रत कथाका विषय जाती होइनन् भनी सम्झाए । मदनले सम्झाउँदा उहाँहरु सकारात्मक हुनु भएको मैले थाहा पाएकी छु । समाजमा धेरै खालका अन्धविश्वास र कुरीति छन् तर त्यसलाई एकैचोटि एकै दिन समाप्त पान खोज्नु उग्रता हो भने मात्रात्मक सुधारमा मात्र रमाउनु यथास्थितिवाद हो । मदनकै यस प्रेरणाबाट यस क्षेत्रमा अखिल नेपाल महिला संघ स्थापित र विकसित हुँदै गएको हो । यसरी महिलाहरुलाई परम्परागत रुढीबाट क्रमशः मुक्त गराएर आमूल परिवर्तन गर्ने जननेता मदन भण्डारीको सोच थियो ।

# 'प्रथम भाक्का पिठ उत्सव' ऐतिहासिक : नगरप्रमुख बुढाथोकी

मेचीनगर, पुष २७ । मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले राजवंशी समुदायले मेचीनगरमा आयोजना गरेको 'प्रथम भाक्का पिठ उत्सव' ऐतिहासिक रहेको बताएका छन् ।

आइतबार मेचीनगर-७ स्थित ईटाभट्टा चौकमा राजवंशी समाज विकास समिति मेचीनगरले आयोजना गरेको 'प्रथम भाक्का पिठ उत्सव' को प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नगरप्रमुख बुढाथोकीले अन्धविश्वास, कुरीतिहरुलाई पन्छाउँदै धर्म, संस्कृति र आफ्नो परम्परालाई उजागर गर्नु पर्ने बताए ।

विभिन्न जात जातिहरु मिलेर बसोबास गरेको नेपालमा सबैको आ-आफ्नो भाषा, संस्कृति र परम्परा रहेकाले यसको जगेर्ना गर्न आवश्यक रहेको उनको भनाई छ ।

कार्यक्रममा नगरप्रमुख बुढाथोकी, मेचीनगर-७ का वडाध्यक्ष प्रल्हादमणि ओली, नगरपालिकाका सामाजिक विकास समिति संयोजक ह्रदय राजवंशी, राजवंशी समाज विकास समितिका झापा अध्यक्ष उत्तम राजवंशी, राजवंशी समाजका अग्रज एवम् नेकपा एमालेका युवा नेता असारू राजवंशी, आदिवासी जनजातिका मेचीनगर सचिव कृष्णबहादुर राईलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । एकदिवसीय भाक्का उत्सवमा ५ क्वीन्टल चामलको पिठोबाट बनेको भाक्का, सात केजी पिठ र सब्जीको तरकारी निःशुल्क वितरण गरिएको थियो ।

उत्सवमा भारत पश्चिम बंगालको सिलिगुडीका कान्तपुरी कल्चरल सोसाईटी अध्यक्ष अनुप राजवंशीको ७ जनाको टोली तथा स्थानीय कलाकारहरुको आफ्नै भाषामा नृत्य, गीतहरु प्रस्तुत गाएर दर्शकहरुलाई मनोरञ्जन प्रदान गरेका थिए ।

राजवंशी समाज विकास समिति मेचीनगरका अध्यक्ष दिनेश राजवंशीले मेचीनगरमा पहिलो पटक भाक्का उत्सवको सुरुवात गरेको बताए । उनका अनुसार अब यसलाई निरन्तरता दिइने छ ।

'प्रथम भाक्का पिठ उत्सव' का लागि राजवंशी समाज विकास समिति मेचीनगरलाई नगरपालिकाले ५ लाख रुपैयाँ आर्थिक सहयोग गरेको आयोजकले जनाएको छ । उक्त उत्सव आयोजना गर्न करिव ७ लाख खर्च भएको अनुमान गरिएको छ । राजवंशी समाज विकास समिति मेचीनगरका अध्यक्ष दिनेश राजवंशीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत सदस्य फुलकुमारी राजवंशी र सञ्चालन सदस्य जोस्ना राजवंशीले गरेका थिए ।

# ताप्लेजुङ झापा समाजको आँखा शिविर

बर्ने ,पुष २७ । ताप्लेजुङ झापा सरोकार समाजको आयोजनामा झापाको बुद्धशान्ति ४ बर्नेमा आँखा शिविर सम्पन्न भएको छ । स्थानीय गणेश माध्यमिक विद्यालयमा सञ्चालित शिविरमा स्थानीय १सय ८५ जनाले आँखा परीक्षण गराएका थिए । जसमध्ये १० जनामा मोतिया विन्दुको समस्या देखिएको आयोजक संस्थाका सचिव ढाँचाराज कडरियाले जानकारी दिए । संस्थाका अध्यक्ष होमप्रसाद काफ्लेको अध्यक्षता आयोजित आँखा शिविरको बुद्धशान्ति गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष शेरबहादुर रायले उद्घाटन गरेका थिए ।

मेची आँखा अस्पतालको प्राविधिक सहयोग रहेको शिविर उद्घाटनमा प्रमुख अतिथि राय, आँखा अस्पतालकी अफिसर कविता कार्की कडरियालगायतले मन्तव्य राखेका थिए । शिविर आयोजक संस्थाका उपाध्यक्ष शिव खरेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन ढाँचाराज कडरियाले गरेका थिए । शिविरमा औषधी निःशुल्क वितरणसमेत गरिएको थियो ।

# देश जटिल अवस्थामा छ : राजेश हमाल

अभिनेता राजेश हमालले देश अहिले जटिल अवस्था रहेको बताएका छन् ।

बिर्तामोडमा आइतवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले



यस्तो बताएका हुन् । उनले नेपालीको जीवन सामान्य रूपमा अघि बढेको जस्तो देखिए पनि देश जटिल परिस्थितिमा रहेको उल्लेख गरे ।

उनले सरकार निर्वाचित जनप्रतिनिधिले नभई चुनावी सरकारले सञ्चालन गर्नु विडम्बना भएको जिकिर गरे । उनले चुनौतीसँगै अवसर रहने तर चुनौतीको समाधान गर्ने कुरा आम नागरिककै हुने बताए ।

उनले भने, 'अहिले नेपाल र नेपाली जुन मोडमा छौँ । यसो बाहिर हेर्दा जीवन सामान्य रूपमा अघि बढाउने प्रयास गरिरहे पनि असाध्यै संवेदनशील बिन्दुमा उभिएका छौँ । हालै आन्दोलनपछि हामीले चुनेको प्रतिनिधिले यो राष्ट्र चुनिरहनुभएको छैन । यो राष्ट्रलाई चुनावी सरकारले सञ्चालन गरिरहेको छ । त्यो विडम्बना हो ।'

नेपाली जनताभन्दा शक्तिशाली अरू कोही नरहेको बताए । उनले विगतमा नेतृत्व गर्नेहरू पनि जनताबाट नै चुनिएर आएको बताए ।

देशमा केही भएन सरकारले केही गरेन भनेर गुनासो गर्नुभन्दा सरकारमा जानेहरू जनताबाटै अनुमोदित भएर जाने भएकाले त्यसको भागिदार जनता पनि हुने अभिनेता हमालको भनाइ थियो ।

इष्टर्न साहारा कम्पनीका अध्यक्ष महेन्द्र गिरीले स–साना पुँजी एकीकृत गरेर दिगो समृद्धिका हरित ऊर्जामा लगानी गर्ने उद्देश्य कम्पनीले लिएको बताए ।

कार्यक्रममा साहस ऊर्जाका कम्पनी सचिव दिनेश रोक्का, कम्पनीकी सञ्चालक कल्पना विक, कम्पनीका सेयर सदस्य एकराज गिरीलगायतले आ–आफ्नो धारणा राखेका थिए ।

# कनकाईमा मनाइयो पृथ्वी जयन्ती

कनकाई ,पुष २७ । झापाको कनकाई नगरपालिकाले एकता र सुशासनको आह्वानसहित ३०४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाएको छ ।

नगरपालिकाको प्रवेशद्वारमा स्थापित राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको शालिक परिसरमा झण्डोतोलनका साथ नगर प्रहरीद्वारा सलामी अर्पण गर्दै राष्ट्रिय एकता दिवस मनाइएको हो । नगर प्रवेशद्वारमा चार वर्षअघि स्थापना गरिएको पृथ्वीनारायण शाहको शालिक परिसरमा सम्पन्न कार्यक्रममा नगर प्रमुख राजेन्द्रकुमार पोखरेलको अध्यक्षता तथा उपप्रमुख आशा शिवाकोटीको स्वागत मन्तव्य रहेको थियो ।

कार्यक्रममा उपप्रमुख शिवाकोटीले राष्ट्र निर्माणमा पृथ्वीनारायण शाहको योगदानलाई स्मरण गर्दै आजको सन्दर्भमा एकता र सहकार्यको आवश्यकता झन् बढेको उल्लेख गरिन् । उनले पृथ्वी जयन्तीलाई केवल स्मरण मात्र नभई राष्ट्र निर्माणको प्रेरणा लिने अवसरका रूपमा लिनुपर्नेमा जोड दिइन् ।

नगर प्रमुख पोखरेलले सम्बोधनका क्रममा देशबासीलाई एकताका साथ अघि बढ्न सक्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै कनकाई नगर क्षेत्रमा पछिल्लो समय बढ्दै गएको अराजक गतिविधिप्रति चिन्ता व्यक्त गरे। नगर प्रमुख पोखरेलले भने, हाम्रो कनकाई,राम्रो कनकाईका लागि धेरै कुराको सुरुवात भएको थियो, तर ती सबै तोडिएका छन्। अहिले अराजक गतिविधि बढ्न थालेको छ। त्यसैले हामी सबैले आफ्ना कमजोरीलाई महसुस गर्दै एकताका साथ अघि बढ्नुपर्छ।"

२०४६ सालको जनआन्दोलनपछि देशले गति लिन थालेको तर माओवादी आन्दोलनसँगै क्रमिक रुपले भएका बन्द, हडताल साथै पछिल्लो समय जेनजीका नाममा भएको आन्दोलनका कारण मुलुक क्षतविक्षत भएको अवस्थालाई स्मरण गर्दै नगर प्रमुख पोखरेलले देशलाई अघि बढ्न नदिने विभिन्न देशी-विदेशी शक्तिहरु सक्रिय रहेको आरोप लगाए । कार्यक्रममा कनकाई माध्यमिक विद्यालयकी छात्रा सुविज्ञा अधिकारी र भृकुटी माध्यमिक विद्यालयकी छात्रा सुप्रिया पाठकले पृथ्वीनारायण शाहको योगदानबारे वक्तृत्वकला प्रस्तुत गरेका थिए । त्यस्तै कनकाई-६ का वडाध्यक्ष लक्ष्मीप्रसाद ओली, नेपाली कांग्रेस नगर सभापति दुर्गाप्रसाद प्रसाई, राप्रपा नगर अध्यक्ष गोपाल चुडाललगायतले राष्ट्रनिर्माताको योगदानबारे आ-आफ्ना विचार राखेका थिए । नगरपालिकाको प्रशासन शाखाका कर्मचारी अनुप रेग्मीबाट संचालन भएको औपचारिक कार्यक्रममा कनकाई वडा नं.८ का वडाध्यक्ष लीलाबहादुर कटुवाल, कनकाई नगरपालिकाका शिक्षा शाखा प्रमुख राजकुमार ओडारी, कार्यपालिका सदस्यहरु कृष्णमाया भुजेल, सावित्रा बर्देवा, हरिलाल खबासलगायत सबै वडाका वडा सदस्यहरु, कनकाई माविका प्रधानाध्यापक कर्णबहादुर डाँगी, क्रियाशील राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, उद्योगी व्यवसायी, नगरपालिकाका कर्मचारी, ज्येष्ठ नागरिक संघका प्रतिनिधि, सुरक्षाकर्मीलगायतको उपस्थिति रहेको कनकाई नगरपालिकाका कर्मचारी विजय पाठकले जानकारी दिएका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ